स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र "द राइज अफ साम्राज्य"मा अभिनेता विजय बराल अनुबन्ध भएका छन्। लागातार स्टारकास्ट अनुबन्ध भइरहेको यो चलचित्रमा सौगात मल्ल, दयाहाङ राई र नाजिर हुसेनपछि विजय बराल अनुबन्ध भएका हुन्। "हाम्रो कथा जस्तो छ, त्यस्तै कलाकार अनुबन्ध गराउन हामीले कुनै पनि कन्जुस्याइँ गरेका छैनौँ," निर्देशक सौरभ भन्छन्, "सिनेमा राम्रो बनाउन हामीले यो पटक कुनै पनि पक्षमा सम्झौता गर्दैनौं।"

आजको विचार...



इ. मेघनाथ ढकाल

अबको... (दुई पेजमा)



अभिनेत्री प्रियंका कार्कीको करिअरले आगामी मंसिरमा १५ वर्ष पूरा गर्दैछ। सन् २०१२ मा प्रदर्शन भएको फिल्म "थ्री लभर्स"बाट अभिनय करिअर सुरु गरेकी उनले घयो बीचमा ५० भन्दा बढी फिल्ममा काम गरिसकेकी छन्। अभिनयमा आफूलाई अब्बल सावित गरेकी उनी अब निर्माताको रुपमा अगाडि बढेकी छन्। उनी निर्मित पहिलो फिल्म "मास्टर्नी" यही शुक्रबार प्रदर्शन हुँदैछ। प्रियंकाले "लक्का जवान" रिलिजताका नै फिल्म बनाउन लागेको जानकारी दिएकी थिइन्। त्यसबेला धेरैले उनले बनाउने फिल्म कमेडी वा लभस्टोरी हुने अनुमान गरेका थिए।

❒ वर्ष ३२ ❒ अंक ३५ ❒ २०८३ भदौ ४ गते बिहीबार 20 August 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### सांघाईमा फेरि बाढी

**एजेन्सी,**

**सांघाई, भदौ ३/** अगस्ट ९-१०, २०२६ मा जब टाइफुन डल्फिनले पूर्वी चीनमा हावा र पानी मात्र ल्याएन, यसले फेरि एक पटक चिनियाँ कम्युनिस्ट पार्टीको "पारिस्थितिक शासन" बारे प्रचार र जमिनमा रहेको धूलो वास्तविकता बीचको खाडललाई उजागर गऱ्यो । चीनको चम्किलो आर्थिक राजधानी र सीसीपीले आफ्नो आधुनिकीकरणको प्रमाणको रूपमा परेड गर्न मन पराउने सहर, सांघाई केही घण्टामै तालमा परिणत भयो । सडकहरू नदीहरू भए । सबवे प्रवेशद्वारहरू झरनाहरू भए र बुन्डमा रहेका विलासी पसलहरूले दस लाख युआनभन्दा बढी मूल्यको इन्भेन्टरी तैरिएको हेरे। यो कुनै अनौठो दुर्घटना थिएन । यो वास्तवमा काम गर्ने पूर्वाधार निर्माणको बोरिंग, अनग्लामर काममा कङ्क्रिट, नियन्त्रण र अप्टिक्सलाई प्राथमिकता दिने शासन मोडेलको पूर्ण रूपमा अनुमानित परिणाम थियो ।

**व्यवस्थापन गर्न सकिने आँधी**

टाइफुन डल्फिन शक्तिशाली थियो, तर यो जापान, ताइवान र एसियाका अन्य ठाउँका शहरहरूमा अभूतपूर्व थिएन, नियमित रूपमा उस्तै तीव्रताको आँधीबेहरीलाई अवशोषित गर्दै अराजकतामा नझर्ने भयो ।

# पाल्पामा भन्सार छलीका सामान भित्रिने क्रम बढ्दो

## प्रहरीले गऱ्यो चेकजाँचमा कडाइ

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ ३/ पछिल्लो समय पाल्पामा भन्सार छली गरी सामान भित्र्याउने क्रम बढ्दै गएको पाइएको छ । अवैध रूपमा भन्सार नतिरी विभिन्न वस्तु भित्र्याउने गतिविधि बढेपछि राजस्व संकलनमा समेत असर परेको छ ।

सीमावर्ती नाकाबाट खाद्यान्न, कपडा, इलेक्ट्रोनिक्स, कस्मेटिक तथा दैनिक उपभोग्य वस्तुहरू भन्सार प्रक्रिया पूरा नगरी ल्याउने गरेको पाइएको छ । जिल्ला प्रहरी कार्यालय पाल्पाले विभिन्न समयमा गरिएको अनुगमनका क्रममा भन्सार छली गरी ल्याइएका सामान बरामद गर्नुका साथै संलग्न व्यक्तिमाथि कानुनी कारवाहीका लागि सम्बन्धित निकायमा पठाउँदै आएको छ । पाल्पा प्रहरीले केही दिन अघि भन्सार छली गरी ल्याइएका करिब चार लाख ७५ हजार रुपैयाँ बराबरका विभिन्न विद्युतीय सामानसहित दुई जनालाई पक्राउ गरेको थियो ।




सिद्धार्थ राजमार्गअन्तर्गत तिनाउ गाउँपालिका-३, पेडाँडामा गत शुक्रबारप्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले नियमित चेकजाँचका क्रममा सामानसहित दुई जनालाई नियन्त्रणमा लिएको हो ।

प्रहरी नायव उपरीक्षक (डीएसपी) भिमलाल भट्टराईका अनुसार बुटवलबाट पोखरातर्फ जाँदै गरेको ईभी गाडीलाई शङ्का लागेर जाँच गर्ने क्रममा भन्सार छली गरी ल्याइएका टाटा कम्पनीका चार थान एसी सेट, सोही कम्पनीका छ थान टेलिभिजन, एग्रो पाइन रिलिभ एक थान र एलजी बार साउण्ड एक थान रहेका छन् । सामानसँगै प्रहरीले गाडीका चालक वालिङ नगरपालिका-५ का ३७ वर्षीय यामबहादुर सार्की र सामानधनी नवलपरासी (पूर्व) गैँडाकोट नगरपालिका-५ का ३७ वर्षीय दिनेश दर्जीलाई नियन्त्रणमा लिएको थियो । यो लगत्तै मंगलबार पनि प्रहरीले भन्सार छली गरी ल्याइएको ठूलो परिमाणको लत्ताकपडा बरामद गरेको छ ।

प्रहरीले सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका-३, पैठेडाँडा स्थित सिद्धार्थ राजमार्गबाट भन्सार छली गरी ल्याइएको कपडा बरामद गरेको हो । प्रहरीका अनुसार रुपन्देहीको बुटवलबाट बागलुङको बेनीतर्फ जाँदै गरेको लु २ ख ६९७६ नम्बरको हाइस गाडीलाई रोकी चेकजाँच गर्दा लुकाइछिपाइ भन्सार छली गरी ल्याइएको लत्ताकपडा फेला परेको हो ।

*-बाँकी अन्तिम पेजमा...*

## भरुवा बन्दुक आकारका सामग्री बरामद




**स्याङ्जा,** साउन ३/स्याङ्जाको वालिङ नगरपालिका-१२, कोखेबाट प्रहरीले भरुवा बन्दुक आकारमा काठ तथा फलाम जडित संरचनासहित विभिन्न सामग्री बरामद गरेको छ ।

बुधबार वडा प्रहरी कार्यालय वालिङ, स्याङ्जाबाट प्रहरी नायव उपरीक्षक प्रताप पौडेलको कमाण्डमा खटिएको प्रहरी टोलीले कोखे क्षेत्रमा बेवारिसे अवस्थामा उक्त सामग्री फेला पारी बरामद गरेको हो । प्रहरीका अनुसार बरामद सामग्रीमा भरुवा बन्दुकको आकारमा काठ तथा फलाम जडित संरचना ७ थान, भरुवा बन्दुकको फलामको नाल ३ थान र भरुवा बन्दुकको फ्रेम बनाउन प्रयोग हुने डाई १ थान रहेका छन् । बरामद सामग्रीका सम्बन्धमा प्रहरीले थप अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ ।

## पहिरो हटाइएपछि पाल्पा–बुटवल सडकखण्ड सञ्चालनमा

**पाल्पा,** भदौं ३/पाल्पा-बुटवल सडकखण्डअन्तर्गत सिद्धार्थ राजमार्गमा पहिरो खसेर अवरुद्ध बनेको सडक चार घण्टापछि सञ्चालनमा आएको छ । बुधबार बिहान सडक माथिबाट पहिरो खसेर पूर्ण रूपमा अवरुद्ध बनेको सडक पहिरो हटाएपछि दुईतर्फी सञ्चालनमा आएको हो ।



सिद्धार्थ राजमार्गअन्तर्गत तिनाउ गाउँपालिका-३ स्थित सिद्धबाबा सुरुङमार्गको पाल्पातर्फबाट प्रवेश गर्ने बिन्दुभन्दा करिब १०० मिटर उत्तरतर्फ सडक माथिबाट पहिरो खसेको थियो । पहिरोसँगै ढुंगा, माटो र लेदो सडकमा थुप्रिएपछि राजमार्गमा सवारीसाधनको आवागमन पूर्ण रूपमा रोकिएको थियो । सडक माथिबाट निरन्तर पहिरो झरिरहेका कारण तत्कालै पहिरो हटाउने काम सुरु गर्न सक्ने अवस्था नभएपछि पहिरो रोकिएलगत्तै डोजर परिचालन गरी सडकमा थुप्रिएको माटो, ढुंगा र लेदो हटाइएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायब उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए । सडक अवरुद्ध हुँदा तराईबाट पहाडतर्फ जाने तथा पहाडबाट तराईतर्फ झर्ने सयौँ सवारीसाधन बाटोमै रोकिएका थिए ।

सडक सञ्चालनमा आएपछि रोकिएका सवारीसाधनलाई गन्तव्यतर्फ पठाइएको प्रहरीले जनाएको छ । राजमार्ग अवरुद्ध भएपछि तराईबाट पहाड जाने र पहाडबाट तराई झरेका सवारी साधन बाटोमै रोकिएका थिए । यो सडक भएर पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङजा, कास्की, पर्वत, म्याग्दी, मुस्ताङ, बाग्लुङसम्मका सवारी साधन सञ्चालन हुन्छन् ।

यहाँ पानी पर्न साथ पहिरो जाने गर्दछ । यो समाचार तयार पार्दसम्म सडक सञ्चालनमा छ । प्रहरीले सिद्धबाबा क्षेत्र पहिरोको उच्च जोखिममा रहेको क्षेत्र भएकाले यात्रा गर्दा सर्तकता अपनाउन आग्रह गरेको छ । निरन्तर पहिरो झरिरहेको अवस्थामा उद्धार तथा सडक सफाइमा खटिने जनशक्तिको सुरक्षालाई समेत प्राथमिकतामा राखिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## फोटोग्राफीलाई मर्यादित बनाऔं

हरेक वर्ष अगस्ट १९ मा विश्व फोटोग्राफी दिवस मनाइन्छ । यस वर्षको दिवस बुधबार मनाइएको छ । यो केवल क्यामेरा र तस्वीरको उत्सव होइन, यो समय, समाज, इतिहास र मानवीय संवेदनालाई तस्वीरमार्फत सुरक्षित राख्ने शक्तिको सम्मान गर्ने दिन पनि हो । एउटा तस्वीरले हजारौँ शब्द बोल्न सक्छ भन्ने भनाइ फोटोग्राफीको वास्तविक सामर्थ्यसँग जोडिएको छ । तर अझैपनि फोटोग्राफीप्रति आम मानिसहरूको धारणा सकारात्मक बन्न सकेको छैन । यो अत्यन्तै दुखद् हो । फोटो खिच्ने काम र पेशालाई सानो काम भनेर तुच्छ बनाउने गरिएको छ । फोटोग्राफीको इतिहास बुझाउन, यसमा रुचि राख्ने मानिसहरूलाई प्रोत्साहन गर्न र व्यवसायिक रूपमा फोटोग्राफी गरेर बसिरहेका मानिसहरूको सम्मान गर्न विश्व फोटोग्राफी दिवस मनाइन्छ । आजको दिन विश्वभरका फोटोग्राफरहरूले खिचेका ऐतिहासिक र उत्कृष्ट फोटोहरू प्रतिष्पर्धामा राख्ने प्रचलन पनि रहेको छ । फोटोग्राफीलाई अवहेलना गर्ने गरिएपनि वास्तवमा एउटा फोटोले दिने सन्देश र महत्व एकहजार शब्दले ब्यक्त गर्न सक्दैन भन्ने कुरामा कुनै सन्देह छैन । नेपालमा फोटोग्राफीको महत्व अझै जनजनमा पुग्न सकेको छैन । यद्यपि विश्वमा भने यसको महत्व निकै ठूलो र ब्यापक छ ।

समाजका महत्वपूर्ण घटना, संस्कृति, प्रकृति, जीवनशैली र इतिहासलाई अभिलेखबद्ध गर्न फोटोग्राफीको भूमिका अतुलनीय छ । तर पछिल्लो समय तस्बिर खिच्ने र सामाजिक सञ्जालमा सार्वजनिक गर्ने क्रममा मर्यादा, गोपनीयता र मानवीय संवेदनशीलतालाई बेवास्ता गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । त्यसैले अब फोटोग्राफीलाई केवल प्रविधि र मनोरञ्जनका रूपमा होइन, जिम्मेवारीसहितको अभ्यासका रूपमा बुझ्न आवश्यक छ । कुनै व्यक्तिको अनुमति नलिई उसको तस्बिर खिच्नु र सार्वजनिक गर्नु सामान्य कुरा होइन । विशेषगरी दुर्घटना, विपद्, मृत्यु, हिंसा वा पीडासँग सम्बन्धित घटनामा पीडितको तस्बिर खिचेर सामाजिक सञ्जालमा फैलाउनु मानवीय संवेदनामाथिकै प्रश्न हो । यस्तो तस्बिरले पीडित तथा परिवारको दुःख थप गहिरो बनाउन सक्छ । सूचना दिने नाममा कसैको निजी पीडालाई प्रदर्शनको वस्तु बनाउनु पत्रकारिता वा फोटोग्राफीको धर्म हुन सक्दैन । त्यसैगरी बालबालिका, बिरामी, ज्येष्ठ नागरिक तथा संवेदनशील अवस्थामा रहेका व्यक्तिको तस्बिर खिच्दा विशेष सावधानी अपनाउनुपर्छ । 'भाइरल' हुने लोभमा अरूको व्यक्तिगत जीवन, कमजोरी वा असहज अवस्थालाई सार्वजनिक गर्नु अधिकारको उल्लङ्घन हुन सक्छ । तस्बिर खिच्न सकिन्छ भन्दैमा खिच्नैपर्छ भन्ने हुँदैन, सार्वजनिक गर्न सकिन्छ भन्दैमा सार्वजनिक गर्नैपर्छ भन्ने पनि हुँदैन । खासगरी सञ्चारकर्मीहरूले यो दिवस मनाईरहँदा फोटोग्राफीलाई मर्यादित, प्रतिवद्ध र निष्ठाको पेशाको रूपमा यसको गरिमा अभिबृद्धिमा भूमिका खेल्नु जरूरी छ ।

## Opinion @ Social Network

" त्यो उमेरसम्म त केके न गर्छु भन्थे तर
केही नगरी बन्द कोठामै बितिरहेछ जिन्दगी।"
*(संगिता गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Sangita.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अबको विकास : संरचना थप्ने कि सेवा सुधार्ने ?



## इ. मेघनाथ ढकाल

नेपालमा विकास नभएको होइन । गाउँ-गाउँमा सडक पुगेका छन् । बिजुलीका पोल गाडिएका छन् । विद्यालय, स्वास्थ्य चौकी, खानेपानी ट्यांकी, सिंचाइ कुलो, पुल, सभा हल, पार्क र दृश्यावलोकन टावर बनेका छन् । सरसर्ती हेर्दा देश अघि बढिरहेको देखिन्छ । तर विकासको बाहिरी चमक र जनताको दैनिक अनुभूति सधैं एउटै हुँदैन । सडक छ, तर वर्षामा बन्द हुन्छ । बिजुली छ, तर भोल्टेज छैन । स्वास्थ्य चौकी छ, तर डाक्टर र औषधि छैन । विद्यालय छ, तर विद्यार्थी छैनन् । खानेपानी योजना छ, तर धारामा पानी आउँदैन । सिंचाइ छ, तर खेतसम्म पानी पुग्दैन । टावर छ, तर पर्यटक छैनन्। त्यसैले, आजको मूल प्रश्न विकास भयो कि भएन भन्ने होइन, बनेका संरचनाले सेवा दिए कि दिएनन् भन्ने हो । विकासको अर्थ बजेट खर्च गर्नु मात्र होइन, जनताको जीवनमा गुणात्मक सुधार ल्याउनु हो । भवन बनाउनु विकास होइन, भवनबाट सेवा दिनु विकास हो । सडकको लम्बाइ बढाउनु मात्र उपलब्धि होइन, सुरक्षित, टिकाउ र आर्थिक गतिविधि बढाउने सडक बनाउनु उपलब्धि हो । बिजुलीको पहुँच मात्र पर्याप्त छैन, गुणस्तरीय र भरपर्दो सेवा चाहिन्छ । अब नेपालले विकासको मापन बदल्नु पर्छ- कति खर्च भयो होइन, कति प्रतिफल आयोह कति संरचना बन्यो होइन, कति उपयोग भयोह कति उद्घाटन भयो होइन, कति सेवा चल्यो । विकासका लागि ऋण लिनु गलत होइन । धेरै देशले पूर्वाधार र उत्पादनशील क्षेत्रमा ऋण लिएका छन् र त्यसलाई आर्थिक वृद्धिको साधन बनाएका छन् । तर ऋणबाट बनेका संरचना टिकाउ र उपयोगी भएनन् भने त्यही ऋण भविष्यको पुस्तामाथि बोझ बन्छ । सडक बारम्बार भत्किने, अस्पताल खाली रहने, विद्यालयमा विद्यार्थी नहुने, विद्युत् लाइनमा गुणस्तर नआउने र खानेपानी योजना केही वर्षमै बन्द हुने अवस्था रहँदा ऋण विकासको साधन होइन, भार बन्न थाल्छ । नेपालको सार्वजनिक ऋण बढ्दै गएको छ । तत्काल संकट नभए पनि अब यो बेवास्ता गर्न मिल्ने विषय होइन । त्यसैले हरेक सार्वजनिक लगानीमाथि कठोर प्रश्न आवश्यक छ- यो आयोजना किन, यही ठाउँमा किन, यही आकारमा किन, सञ्चालन खर्च कसले बेहोर्छ, मर्मत कसले गर्छ र पाँच-दस वर्षपछि पनि यो प्रयोगमा रहन्छ कि रहँदैन ? ठूला आयोजनामा अध्ययन, डिजाइन, परामर्श, वातावरणीय मूल्यांकन, व्यवस्थापन र सुपरिवेक्षणका खर्च जोडिन्छन् । यी खर्च आवश्यक हुन सक्छन्, तर आयोजना अधुरो तयारीमा अघि बढ्यो भने परामर्श खर्च बढेर पनि सेवा सुध्रँदैन । समय लम्बिन्छ, लागत बढ्छ र नागरिकले महँगो तर कमजोर सेवा पाउँछन् । हाम्रो विकास प्रणालीमा धेरै आयोजना सेवा सुधारभन्दा बजेट विनियोजन, ऋण स्वीकृति, ठेक्का प्रकाशन र काम देखाउने मनोवृत्तिबाट अघि बढेका देखिन्छन् । पहिले राजनीतिक वा स्थानीय दबाबबाट आयोजना सूचीमा पर्छ, त्यसपछि लागत अनुमान बन्छ । कतिपय अवस्थामा जनसंख्या, भूगोल, लोड, पानी स्रोत, विद्यार्थी संख्या, स्वास्थ्य सेवाको माग, कृषि सम्भावना, बजार पहुँच र सञ्चालन खर्चको गहिरो अध्ययन हुँदैन । अनि जग्गा समस्या, डिजाइन परिवर्तन, सामग्री अभाव, स्थानीय विवाद, समय थप र लागत वृद्धिको चक्र सुरु हुन्छ । यो समस्या सडकमा मात्र छैन । विद्युत् वितरणमा कतै अत्यधिक लोड भएका क्षेत्रमा सबस्टेसन र फिडर सुधार ढिला हुन्छ, तर कतै न्यून लोड भएका बस्तीमा उच्च क्षमताको लाइन तानिन्छ । खानेपानीमा ट्यांकी र पाइप बन्छ, तर मुहान सुरक्षित हुँदैन । विद्यालयमा भवन बन्छ, तर विद्यार्थी हुँदैनन् । स्वास्थ्य चौकीमा भवन बन्छ, तर डाक्टर र औषधि हुँदैन । सिंचाइमा कुलो वा पम्प बन्छ, तर खेतमा नियमित पानी पुग्दैन । समस्या क्षेत्रगत मात्र होइन, प्रणालीगत हो । हामीले आयोजना छनोटलाई सेवाको आवश्यकतासँग, निर्माणलाई सञ्चालनसँग, ऋणलाई प्रतिफलसँग र बजेटलाई परिणामसँग बाँध्न सकेका छैनौं । नेपालमा विकासको राजनीतिक भाषा अझै 'के बनाइयो' भन्ने प्रश्नमा केन्द्रित छ । सडक, पुल, भवन, ट्यांकी र पोल सजिलै देखिन्छन्ह फोटो खिचिन्छ, उद्घाटन हुन्छ र भाषणमा बेच्न सजिलो हुन्छ । तर 'के सेवा सुधारियो ?' भन्ने प्रश्न कठिन छ, किनकि त्यसका लागि जनशक्ति, व्यवस्थापन, मर्मत र निरन्तर जिम्मेवारी चाहिन्छ । गलत ठाउँमा गरिएको पूँजीगत खर्च विकास होइन, स्रोतको दुरुपयोग हो । सडक विकासलाई धेरै समयसम्म किलोमिटरमा मापन गरियो । तर अब प्रश्न हुनुपर्छ- कति सडक वर्षभरि चल्छन्, कति सुरक्षित छन्, कति सडक एक मनसुनमै बिग्रिन्छन् र कति सडकले उत्पादन, बजार, शिक्षा, स्वास्थ्य, पर्यटन र रोजगारीसँग सम्बन्ध बनाएका छन् ? पहाडमा सडक बनाउनु डोजर चलाउनु मात्र होइन, त्यहाँ ढलान स्थिरता, पानी निकास, पर्खाल, जैविक संरक्षण, पहिरो व्यवस्थापन र नियमित मर्मत अनिवार्य हुन्छ । तर धेरै ठाउँमा सडक, इन्जिनियरिङभन्दा पहुँच र दबाबको विषय बन्यो । तत्काल सुविधा देखिए पनि दीर्घकालमा पहिरो, जमिन क्षति, पानीका मुहानमा असर र मर्मत खर्च बढ्यो । सबै सडक फराकिलो वा कालोपत्रे हुनु पर्दैन । कतै सुरक्षित ग्रामीण सडक पर्याप्त हुन्छ, कतै कृषि सडक, कतै पर्यटन सडक र कतै जीवनरेखा सडक आवश्यक हुन्छ । सडक विकासको अर्को ठूलो समस्या युटिलिटी करिडोरको अभाव हो । सडक बन्यो, केही महिनापछि खानेपानीका लागि काटियो । फेरि पिच भयो, विद्युत् वा फाइबरका लागि खनियो । ढल नमिल्दा फेरि भत्कियो । एउटै सडकमा राज्यको पैसा पटकपटक खर्च हुन्छ, नागरिकले धुलो, हिलो र खाल्डा भोगिरहन्छन् । अब ठूला सडकमा युटिलिटी करिडोर कानुनी रूपमा अनिवार्य गर्नुपर्छ । विद्युत् पहुँच विस्तारमा नेपालले महत्वपूर्ण प्रगति गरेको छ । धेरै घरमा बत्ती पुगेको छ । तर पहुँच पुग्नु र गुणस्तरीय बिजुली पाउनु फरक कुरा हो । तराईका क्षेत्रमा लोड बढेको छ, दूरी लामो छ, ट्रान्सफर्मर र फिडर क्षमतामा दबाब छ । यसले न्यून भोल्टेज र अनियमित आपूर्तिको समस्या बढाउँछ । पहाडी क्षेत्रमा लोड कम, बस्ती छरिएको, लाइन लामो र मर्मत कठिन छ । विद्युत् सुधार भन्नाले महँगा सामग्री खरिद गर्नु मात्र होइन, सुधारको अर्थ सही ट्रान्सफर्मर क्षमता, फिडर पुनर्संरचना, भोल्टेज सुधार, सुरक्षित लाइन, न्यून चुहावट, नियमित मर्मत र भरपर्दो आपूर्ति हो । खुला तार, एबीसी केबल र भूमिगत प्रणाली सबैको आ‍ृनै उपयोगिता छ । महँगो सामग्री विकास होइन सही ठाउँमा सही प्रविधि विकास हो । पूर्ण विद्युतीकरण सामाजिक न्यायको विषय हो, तर सामाजिक न्यायको अर्थ आर्थिक विवेक त्याग्नु होइन । दुर्गम र छरिएका बस्तीमा एक-दुई घरका लागि लामो ग्रिड लाइन तान्नु सधैं उपयुक्त नहुन सक्छ । त्यस्ता ठाउँमा सौर्य लघु-ग्रिड, लघु जलविद्युत, मिश्रित ऊर्जा प्रणाली वा स्थानीय ऊर्जा समाधान बढी व्यावहारिक र दिगो हुन सक्छ । जहाँ बस्ती र लोड बढ्ने सम्भावना छ, त्यहाँ ग्रिड विस्तार गर्नुपर्छ । भवन छ, तर सिकाइ कमजोर छ । अब कम विद्यार्थी भएका विद्यालयलाई सुरक्षित यातायात, छात्रावास, पोषणयुक्त खाजा, राम्रो शिक्षक र राम्रो सिकाइ वातावरणसहित एकीकृत गर्नुपर्छ । खानेपानीमा ट्यांकी, पाइप र धारा बनेर मात्र सेवा पूरा हुँदैन । मुहान सुक्यो, पाइप फुट्यो, मोटर बिग्रियो, विद्युत् महसुल तिर्न सकिएन वा मर्मत कोष भएन भने योजना बन्द हुन्छ । खानेपानी सफल हुन दीर्घकालीन स्रोत, पानीको गुणस्तर, मर्मत कोष र स्थानीय व्यवस्थापन चाहिन्छ । सिंचाइमा पनि नहर, पम्प वा पाइपलाइन बनेर मात्र पुग्दैन । खेतमा नियमित पानी पुगेन, बाली चक्र बढेन र किसानको आम्दानी बढेन भने योजना सफल मान्न सकिँदैन । हरेक खानेपानी र सिंचाइ योजनाको निश्चित अवधिमा सेवा परीक्षण हुनुपर्छ । विकासका नाममा बनेका दृश्यावलोकन टावर, प्रवेशद्वार, स्मारक, सभा हल र पार्कबारे पनि पुनर्विचार आवश्यक छ । केही ठाउँमा यस्ता संरचनाले पर्यटन र स्थानीय पहिचान बढाउन सक्छन् । तर सडक पहुँच, पानी, शौचालय, सुरक्षा, स्थानीय उत्पादन, होमस्टे, सूचना केन्द्र र रोजगारीसँग नजोडिएको टावर सार्वजनिक पैसाले बनेको कंक्रिट स्मारक मात्र हो । टावरले अर्थतन्त्र चलाउनु पर्छ, फोटो मात्र होइन । संघीयतापछि संघ, प्रदेश र स्थानीय तह सबैले विकासमा भूमिका पाएका छन्। यो सकारात्मक हो । तर समन्वय कमजोर हुँदा एउटै क्षेत्रमा तीन तहका योजना छरिएका छन् । संघले सडक बनाउँछ, प्रदेशले त्यही क्षेत्रमा अर्को योजना हाल्छ, स्थानीय तहले अर्को मार्ग खोल्छ । खानेपानी, विद्युत्, विद्यालय, स्वास्थ्य र सिंचाइमा पनि दोहोरोपन देखिन्छ । समस्या अधिकार बाँडफाँट होइन, साझा योजना प्रणालीको अभाव हो । तीनै तहले एउटै डिजिटल आयोजना बैंक, सम्पत्ति अभिलेख र प्राथमिकता ढाँचा प्रयोग गर्नुपर्छ । नेपालको विकास संस्कृतिमा मर्मतलाई कम महत्व दिइएको छ । नयाँ सडक उद्घाटनमा फोटो आउँछ, तर नाली सफा गरेको समाचार बन्दैन । नयाँ भवन उद्घाटन हुन्छ, तर छानो चुहिँदा मर्मत बजेट पाउन कठिन हुन्छ । नयाँ खानेपानी योजना सुरु हुन्छ, तर पुरानो पाइप मर्मत हुँदैन । नयाँ ट्रान्सफर्मर किनिन्छ, तर बिग्रनुको कारण अध्ययन हुँदैन । मर्मत खर्च होइन, सम्पत्ति जोगाउने लगानी हो । मर्मत नगरेको संरचनाले केही वर्षमै पुनर्निर्माण माग्छ। मर्मतमा बचाएको पैसा पुनर्निर्माणमा धेरै गुणा खर्च हुन्छ । अब हरेक आयोजनामा जीवनचक्र लागत अनिवार्य हुनुपर्छ । नेपाललाई विकास विरोधी बहस चाहिएको होइन । देशलाई सडक, बिजुली, स्वास्थ्य सेवा, विद्यालय, खानेपानी, सिंचाइ र सार्वजनिक संरचना चाहिन्छन् । तर ती योजनाबद्ध, गुणस्तरीय, मर्मतयोग्य र जनताको वास्तविक आवश्यकतामा आधारित हुनुपर्छ । अब विकासको मापदण्ड बदल्नु पर्छ । सडकमा किलोमिटर होइन, वर्षभरि चल्ने क्षमता र सुरक्षा मापन हुनुपर्छ । विद्युत पहुँच होइन, भोल्टेज र विश्वसनीयता मापन हुनुपर्छ । स्वास्थ्यमा भवन होइन, उपचार र औषधि उपलब्धता मापन हुनुपर्छ । शिक्षामा भवन होइन, सिकाइ उपलब्धि मापन हुनुपर्छ । खानेपानीमा धारा संख्या होइन, नियमित पानी मापन हुनुपर्छ । सिंचाइमा नहरको लम्बाइ होइन, खेतमा पुगेको पानी मापन हुनुपर्छ ।यसका लागि नयाँ आयोजना स्वीकृत गर्नुअघि तयारी परीक्षण अनिवार्य हुनुपर्छ । नेपालमा विकास भएको छ, तर विकासको शैलीमा गम्भीर पुनर्विचार आवश्यक छ । अब देशले कंक्रिटको परिमाणमा होइन, सेवाको गुणस्तरमा गर्व गर्नुपर्छ । ऋण लिएर संरचना बनाउन सकिन्छ, तर ऋणलाई जनताको जीवन सुधार्ने सम्पत्तिमा बदल्न योजना, प्रविधि, समन्वय र मर्मत अनुशासन चाहिन्छ । नेपाल पक्कै बन्छ । तर अबको नेपाल उद्घाटनको राजनीतिले होइनह अनुभव, परिपक्व निर्णय र जवाफदेही शासनले बन्छ । भवन होइन सेवाह खर्च होइन परिणामह संरचना होइन, जनताको जीवनमा आएको वास्तविक परिवर्तन नै अबको विकासको मूल मापदण्ड हुनुपर्छ । ***(ढकाल नेपाल इन्जिनियर्स एसोसिएसनका केन्द्रीय सदस्य हुन् ।)***

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक पक्ष सबल रहनेछ। नयाँ व्यापारमा लगानी लगाउन सक्नुहुनेछ। | **तुला**: स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। बिशेष उपहारले कार्यक्षेत्रमा उत्साह बढ्नेछ। |
| **वृष** : सहकारी क्षेत्रमा सफलता मिल्नेछ। शुभ समाचारले मन प्रसन्न रहनेछ। | **वृश्चिक** : कार्य सुधार्ने समय रहेको छ। माताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |
| **मिथुन** : मातापिताको वैचारिक मतभेदका योग छन्। प्रेम सम्बन्ध अगाडि बढ्नेछ। | **धनु** : लगनशीलताले सफलता मिल्नेछ। आफूलाई संयमित राख्ने प्रयास गर्नुहोस्। |
| **कर्कट** : पशुपालनबाट प्रशस्त लाभ मिल्नेछ। कामको प्रतिफल प्राप्त हुनेछ। | **मकर** : कलाक्षेत्रमा सफलता मिल्नेछ। सांस्कृतिक कार्यमा सहभागी भइएला। |
| **सिंह** : सामाजिक क्षेत्रमा प्रभाव बढ्नेछ। रोकिएको काममा सफलता हात लाग्नेछ। | **कुम्भ**: पुराना समस्याहरू समाधान हुनेछन्। करियरमा राम्रो सफलता मिल्नेछ। |
| **कन्या** : कार्यमा सफलता मिल्नेछ। पेशामा आकस्मिक यात्राका योग छन्। | **मीन** : नयाँ योजनाहरू बन्नेछन्। मनोरञ्जनात्मकले मन प्रसन्न रहनेछ। |




निबन्ध — प्रमाण अधिकारी

# सस्तो बन्ने होड

कुनै कुरो छेलोखेलो भयो भने, मनग्य पाइने भयो भने, कम महत्त्वको र मामुली ठहरियो भने सस्तो भएको भनिन्छ । बजारमा किन्ने सामानमात्र नभएर स्वयं मान्छे पनि सस्तो हुन सक्छ । कुनै कालखण्ड आफन्त, साथी, सहकर्मीसँग फराक सम्बन्ध नभएको वा नबनाएको मान्छे अरूको चासो राख्ने व्यक्तिका लागि परवाह, सरोकार, वास्ता र रहस्यको विषय बन्छह तर त्यही व्यक्ति पछिल्ला कालखण्डमा छताछुल्ल पोखिन थाल्यो, धेरै बोल्न थाल्यो, जुनसुकै बेला उपलब्ध हुन थाल्यो भने त्यो कम महत्त्वको हुन जान्छ । सस्तो हुन्छ जान्छ । अहिले सस्तो हुन सजिलो भएको छ । अझ सस्तो हुन सजिलो मञ्च सामाजिक सञ्जाल बनेको छ । व्यक्तिवादी र स्वार्थी हुँदै गएको भनिएको हाम्रो समाजमा व्यक्तिले स्वयं उसको बौद्धिक उन्नयनका लागि, दार्शनिक चिन्तनका लागि, जीवन दर्शनका लागि समय निकाल्न सकेको छैन । उसमा प्राथमिकताहरू अरू नै छन् । आफ्ना लागि, आफ्ना जीवनको गुणस्तरीयताका लागि समय ननिकाल्ने व्यक्तिलाई कसरी व्यक्तिवादी भएको मान्नु? व्यक्तिले आफ्ना लागि, आफ्ना परिवारका सदस्यका लागि, आफन्त, इष्टमित्र, सार्वजनिक जीवनका गन्यमान्य व्यक्तित्वका लागि छुट्याउने समय निकाल्न सकस पर्न थालिसक्यो । सबै मानिस असामाजिक भइसकेका पनि छैनन्, तथापि मानवीय र समाजसेवी भावना भएका सहयोगी व्यक्ति आत्मकेन्द्री हुँदै गइरहेको हाम्रो समाजमा चाहिएका बेला उपयोगी भने भइरहेका छन् । काम नपर्दा न आत्मकेन्द्री प्रवृत्ति भएका व्यक्तिले सहयोगी व्यक्तिको कदर गरेको छ न वास्ता नै गरेको देखिन्छ । आत्मकेन्द्री व्यक्तिका लागि आनै दुनियाँ बनिबनाउ छ । उनीहरूसँग मित्रता, भाइचाराका भूमिका निर्वाह गर्न पनि समय छैन । मान्छे दिनप्रतिदिन आनै सानो घेरोमा सीमित हुँदै र साघुरिँदै गइरहेको छ । सामाजिक दायित्व उनीहरूको प्राथमिकताको विषय बनेको छैन । पृथक् दृष्टिकोणले हेर्ने हो भने समाज फेरि सधैँ एकसमानको रहने पनि होइन । यो त गतिशील छ । समुदायमा संयुक्त परिवारबाट एकल परिवारतर्फको संक्रमण तीव्र छ । आर्थिक-सामाजिक परिवर्तन र तिनका कारकले मानिसका प्राथमिकता परिवर्तन हुँदै गइरहेका छन् । सूचनाको प्रवाह खोलामा बाढी आए जसरी उर्लिरहेको छ । प्रविधिसँगसँगै कृत्रिम बुद्धिमत्ताका क्षेत्रमा भइरहेका तीव्र परिवर्तनका कारण हाम्रा जीवनका लगभग सबै क्षेत्र प्रभावित भएका छन् । प्रविधिमा आएका नयाँ आयामसँगै श्रम तथा रोजगारका क्षेत्र पनि केही महिना र वर्षमै उल्लेख्य रूपमा नयाँ चरणमा प्रवेश गर्ने अवस्था सिर्जना भइरहेको छ । प्रविधि र कृत्रिम बुद्धिमत्ताले रोजगारीको अवधारणा मै ठुलो प्रश्नचिह्न लगाइदिएको छ । यो चुनौतीबारे भेउ पाएका मानिस भविष्यप्रति सचेत र चिन्तित छन् । तथापि थाहा नपाएका मान्छे सबैलाई एक किसिमको परम्परागत दबाब छ । केही गर्न, नाम कमाउन र समाजमा वाहवाही बटुल्न । अरूभन्दा अब्बल देखिन । असलभन्दा पनि ठुलो मान्छे हुन । धनी हुन । जसरी धनार्जन गरेपनि प्रतिष्ठा धन हुनेकै देख्ने समाजले इमानदारको महानता भ्रष्ट आचारले धनी भएकालाई कानुनले दण्डित गरेका बखत मात्र महसुस गर्ने गरेको देखिन्छ । साथीभाइमा ठुलो, आफन्तमा अब्बल, सहकर्मीमा सफल, सहपाठीमा सबल, समकालीनमा सुखी देखिने लक्ष्यले मानिस मानिसबिचको आत्मिक दुरी र भावनात्मक सम्बन्ध घट्तै गइरहेका छन् भलै भौतिक रूपमा उनीहरू नजिक नै किन नहोउन् । मानिस सस्तो हुने सन्दर्भमा यस पंक्तिको लेखकले यहाँ जोड्न खोजेको सन्दर्भ चाहिँ विगत केही महिनादेखि मुहारपुस्तिका (फेसबुक) मा घनीभूत रूपमा सक्रिय हुन थालेका विगतका चुपचाप प्रयोगकर्ताको चर्चा हो । हाल एक्स भन्ने नाम रहेको मोबाइल एप्लिकेसन, ट्विटरमा कुनै प्रयोगकर्ताले साझा गर्ने सूचना, बहस र विचारभन्दा पनि पछ्याउने मान्छेहरू (फलोवर) को संख्या बढाएर निज व्यक्ति चर्चित र प्रभावशाली भएको कहलिने होड चलेको थियो । सायद यो क्रम अझै जारी छ । दश हजार पछ्याउने मानिस भएपनि आफ्नो विचार स्पष्ट नभएको, सालिन बहस गर्न नसक्ने, गुदी नभएका मानिसभन्दा सय, दुई सयमात्र पछ्याउने भएका प्रयोगकर्ता, जसले ओजिला र तर्कपूर्ण कुरा गर्छन्, तिनै मान्छे सालिन, बौद्धिक र विचारक व्यक्तित्व हुन् । हजारौं फलोवर भएपनि हलुङ्गा भएका प्रयोगकर्तालाई पछ्याउने प्रवृत्तिले हाम्रो भेडो मानसिकता, पिछडिएको सोच, भीडको मानसिकता र हलुङ्गो चर्चाको लालसालाई मात्र इङ्गित गर्छ । ट्विटरमा पल्लोगाउँ भनेर चिनिने मुहारपुस्तिकामा अहिले आफूलाई पछ्याउनेहरूको सङ्ख्या बढाउन ढोक्सो थापेर बस्नेहरू ह्वात्तै बढेका छन् । आनो जीवनमा जति कुण्ठा, निराशा, असन्तुष्टि, पीर र तुस भएपनि सकारात्मक सोच्न र व्यवहार गर्न प्रोत्साहित गर्ने सामग्री बिहान उठेपछि, दिउँसो उँघेपछि र बेलुका सुत्नुअघि मेरा मुहारपुस्तिकाका मित्रहरूले नियमित रूपमा चढाउन (अपलोड गर्न) छाडेका छैनन् । कनिकनि अङ्ग्रेजी बोल्नेले पनि अहिले कृत्रिम बुद्धिमत्ता प्रयोग गरेर भरर स्ट्याटस लेख्न थालेका छन् । इन्टरनेटमा खोजखाज गरेर भावनाका कुरा, परिवारका कुरा, सन्तोषी हुने कुरा, चन्द्रमा छुने कुरा, मानिसलाई सकारात्मकता सिकाउने कुरा उनीहरू निरन्तर स्ट्याटसमा उपदेशस्वरूप राखिरहन्छन् जबकी उनीहरूको वास्तविक जीवनमा उनीहरूद्वारा सञ्जालमा व्यक्त आदर्श, सिद्धान्त र व्यवहार कत्ति मेल खाँदैन । भेट्दा खासै नबोल्ने अनि नखुल्ने मित्र तथा आफन्तगण अहिले यति बहिर्मुखी र खुला भएका छन् कि उनीहरूलाई भेट्न यी पंक्तिका लेखकलाई तिनीहरूका क्षेत्रमा वा घरतिर जान नै जरुरी छैन । सामाजिक सञ्जालमा उनीहरूले घरका कोठा, चोटा, भान्छा, आँगन, बार्दली, छत, बारी, गमला केही देखाउन बाँकी राखेकै छैनन् । शयनकक्ष र शौचालयबाहेक सबै सूचना सार्वजनिक रूपमा उपलब्ध गराउने गरेका छन् । उनीहरूका छोराछोरी कत्रा भए, कस्तो बोल्छन्, के के लगाउछन्, कुन विद्यालय पढ्छन्, कति कक्षा पढ्छन्, परीक्षामा कति लब्धाङ्क प्राप्त गरे, कति चलाख छन्, भन्ने कुरा पनि मुहारपुस्तिकामा नियमित आउँछन्, त्यो पनि मुहारपुस्तिकामा साथी भएकाले मात्र हैन जसले पनि हेर्न मिल्ने गरी गोपनीयताको पनि परबाह नगरी राखिदिन्छन् । पैसाका लागि र चर्चाका लागि यति हल्का हुने कुरालाई कसरी स्वाभाविक मान्न सकिएला र ? पानी कसरी तताउने, कसरी उमाल्ने, गिलासमा कसरी खन्याउने, दुध कसरी उमाल्ने, आज घरमा के पाक्यो, कुन खानेकुरा छोराछोरीलाई मनपर्छ, बुढा कता गए, बुढी कता गइन्, सासुप्रतिका गुनासा के के छन् जस्ता ताल न सुरका सामग्री पस्कने यी मित्रगणहरू यी पंक्तिको सुरुमा उल्लेख गरेजस्तै सस्ता हुन थालेका छन् । सामाजिक सञ्जालमा सस्तो भएर पोखिन, छताछुल्ल हुन, आफ्ना परिवारका सूचना सस्तो चर्चा बटुल्ने नाममा बेच्न उद्यत व्यक्ति अहिलेको सामाजिक सञ्जालको युगका भेडा भएका छन् । यसरी चर्चित भएर भिडमा पहिचान बनाउन खोज्ने र पैसो कमाउने मुख्य ध्येय बनाउने मेलोमा गोपनीयता गुमेको, हलुङ्गो भएको, समाजमा मामुली बन्दै गएको, कम महत्त्वको हुँदै गएको, व्यक्तित्व घट्तै गएको र सस्तो हुनथालेको भेउ उनीहरूले पाइरहेका छैनन् । कतिपय व्यक्तिले भेउ पाएका भएपनि उनीहरूलाई यो कुरासँग कुनै सरोकार छैन किनकि समाज आत्मकेन्द्री हुँदै जो गएको छ । सामाजिक सञ्जाल देखावटी नै बढी छ । सत्यतथ्य बाहिर ल्याउनभन्दा पनि व्यक्तिका मपाइँवाद, वैभव, सान, सौकत र नक्कली सकारात्मकताको प्रदर्शनले अन्य प्रयोगकर्तामा नकारात्मकताको बीजारोपण सँगसँगै निराशा, कुण्ठा र विचलनमात्र ल्याएको छ । अहिलेका अधिकांश सामग्री त्यस्तै हुने गरेका छन् । अर्को चर्चित सञ्जाल टिकटकमा पनि लाइभ (प्रत्यक्ष डिजिटल उपस्थिति) बसेर र व्यक्तिले आफ्ना खातामा राखेका भिडियाबाट लाखौंदेखि करोडौंसम्म कमाएका किस्सा पनि हामीले सुनिरहेकै हौं । प्रविधि र कृत्रिम बुद्धिमत्तामा आएका तीव्र विकासका सन्दर्भमा हाम्रा ज्ञान, दर्शन, संस्कृति, अनुसन्धान, शिक्षण, कला, साहित्यको संरक्षण गर्दै अगाडि बढ्ने बुद्धि चाहिएका बेला यसप्रकारका समयको बर्बादीले कथित तेस्रो विश्वका हामी सचेतना र सचेतताका दृष्टिकोणले हेर्दा अझै पनि पछि नै परिने जोखिम बढेको देखिन्छ । अन्य देशमा पनि यस किसिमका गतिविधि नभएका होइनन्ह तर सामाजिक सञ्जालको सदुपयोग भने यो अवश्य होइन । खानाका विभिन्न परिकार पकाउन सिकाउने, कपडा सिलाउन सिकाउने, स्कूल, क्याम्पसका पठनसामग्री पढ्न सिकाउने, सुसाङ्ख्य र अन्य सम्बन्धित प्रविधि सिकाउने, कृत्रिम बुद्धिमत्ताको सही र प्रभावकारी उपयोग सिकाउने, चित्र बनाउन सिकाउने, संस्कृति, सभ्यता र परम्पराकाबारे जानकारी दिने आदि सामग्री उपयोगी छन् । आफ्ना ज्ञान बाँड्ने, सीप, कला, साहित्य, सङ्गीत, प्रविधि, अनुसन्धान, कृत्रिम बुद्धिमत्ता र यसको मानवमुखी प्रयोगलाई थप समृद्ध बनाउन सकिने बहस, विचार र सुझावका सामग्री नियमित बनाएर सामाजिक सञ्जालमा राख्नेहरूलाई सचेत प्रयोगकर्ता ठहर्याउन सकिन्छ । यस्ता असल सामग्री हेर्दा यसले हाम्रो बिहान, दिउँसो र बेलुकाको केही समय खपत गर्यो भने पनि तिनलाई उत्पादक र योग्य सामग्री मान्न सकिन्छ । त्यसैले दिग्भ्रान्त भई सामाजिक सञ्जालको प्रयोग गरेर सस्तो हुन बन्द गरौं, जिम्मेवार र सम्मानित बनौं भन्ने यी पंक्तिका लेखकको विनम्र अनुरोध छ ।

*-समकालिन साहित्य डटकम*

कथा — राजेन्द्र विमल

# रामेछापको श्रवणकुमार

म पुराणकालीन श्रवणकुमारको कथा होइन, आधुनिक सरबनको कथा भन्दै छु । हुन त पञ्चायतको मतदातासूचीमा यिनको नाउँ पनि श्रवणकुमार नै हो । श्रवणकुमार नं. १ को काल म भन्न सक्दिनँ, नं. २ को चाहिँ जन्मतिमि हो - २००७ साल वैशाख ३ गते । अघिल्लाका आमा-बाबु पनि अन्धा थिए, पछिल्लाका पनि । हो, पछिल्लाका अन्धै भइसकेका त थिएनन्रु तर मोतियाविन्दुले गर्दा देख्दैनथे । रिद्रताको जाँतोमा दुवै श्रवणकुमार गहुँ झैं पिसिएका थिए । दुवै श्रवण जङ्गलमै जन्मिएका थिए । श्रवण नं. १ भारतीय नागरिक थिए भने श्रवण नं. २ वंशजका नाताले खाँटी नेपाली थिए । नम्बर एकलाई अंशबण्डको झन्झट थिएन, नम्बर दुईका एक जना भाइ थिए- दर्शनकुमार अर्थात्रु दरसे । अर्थात्रु दुवै श्रवणकुमारहरूमा धेरै समानता पाइन्छन्रु । सरबन, माने श्रवणकुमार नं. २ नेपालको रामेछापमा जन्मिएका थिए । पहाडका आम बासिन्दा झैं गिद्धा र भ्याकुर, ढिँडो र खोलेले गुजारा गर्थे । दाउरा काटी बजारमा बेच्थे र आमा-बाबुको प्राणको रक्षा गर्थे । गाउँमा तारिफको पुल बँधेका थिए । अन्धा-अन्धीलाई आफ्नो श्रवणकुमारमा गर्व थियो । श्रवणकुमार नं. २ का ओठमा कालो बादलको रेखा झैं जुँगाको रेखी बस्न थाल्दा समवयस्क ठिटीहरूका मुस्कानका बिजुली चारैतिर चम्कन थाले । तर भावनाको ज्वारमा उनले संयमको बाँध हाले । असीम मातृपितृभक्तिद्वारा आप्लावित श्रवणकुमारले सोचेह कुन्नि, दुलही कस्ती आउने हुन्, जमाना यस्तै छ ! अन्धा-अन्धी बाबुआमाको फेरि के हुन्छ ? अचेलकी हिरोनीजस्ती आई भने म आमा-बाबुलाई काँधमा हाली तीर्थैतीर्थ घुम्छु कि स्वास्नीलाई शिरमा हाली सगरमाथा डुलाउँछु ? अन्त्यमा श्रवण-२ ले निर्णय लिए, 'म मेरो जवानीको ज्वारलाई मातृपितृभक्तिको सागरमा विलीन गराइदिन्छु । आफ्ना कुमार कल्पनाहरूलाई कात्रो ओढाइदिएर आमाबाबुको आशीर्वाद पाई आदर्श पुत्र बन्नेछु । आमा-बाबुका रौं पनि कसैले छोयो भने त्यसको हात काटिदिन्छु । यो त्यही कालखण्ड हो जब दर्शनकुमार अर्थात्रु सरबनको माइ गाउँका आवारा ठिटाहरूको सङ्गतमा लागि मोग्लान पसेको थियो । जानुभन्दा अगाडि आधारातमा त्यसले वृद्ध आमाको घाँटी थिचेर चाँदीको मोहरमाला झिक्यो । कान्छाको थिचाइले बुढिया जब घिटघिट गरी रुन थाली, बूढा बाडुले छामछुम गरी बूढीलाई हेर्न थाल्यो र रुन थाल्यो । दरसेले मुड्की हानी बूढाको नाकमुख फुटाइदियो । श्रवणकुमारले जब बाबुआमाको यस्तो अवस्था देखे, बलिन्द्र धारा आँसु बगाएर रुन थाले । त्यसबेलासम्म दरसेले कुलेलम ठोकिसकेको थियो । श्रवणकुमारका लागि योबेला विपत्तिको समय थियो । दिन-रात आमाबाबुको स्याहारसुसार, गुहु-मूत सबै एक्लै गर्नुपर्थ्यो । त्यसमाथि दाउरा काटेर ल्याउनुपर्थ्यो, बेच्नुपर्थ्यो । श्रवण-२ लाई श्रवण-१ सँग डाह हुन्थ्यो । कति भाग्यमानी थियो नं १, जो निर्भीक भएर जङ्गल र फूलबारीमा जान्थ्यो अनि ढुक्क भएर फलफूल टिपी आमाबाबुको मरण-पोषण गर्थ्यो । अब त वनमन्त्री र वन-अधिकारीहरूको मिलेमतोले जङ्गल सखाप भइसक्यो र जे जति बाँकी छ त्यसमा ऊजस्ता गरिबहरू छिर्ने स्वतन्त्रता पनि खोसिइसकेको छ । एक दिन खास छिमेकी कालु मगरको बारीबाट आमा-बाबुको रहर मेटाउन जुनार चोर्दा



पक्राउ परेपछि यसरी पाता फर्काइएको थियो कि छ महिनाजति पाखुराको हाड माँचिएर पथरा पर्नुपरेको थियो । लछारपछारमा कछाड र भोटो भएका थिए । बेसार-चुना दलेर रात-रातभरि ठसठसी कनेर बिताउँथे । तर उनले बीसौं शताब्दीपूछारको यस श्रापलाई आमा-बाबुका नाममा छातीभित्र सहर्ष बेहोरेका थिए, बहोर्दै गरे । बीस वर्षपछि श्रवणले जब आनो प्यारो भाइको चिÝी देखे, उनी चकित मात्र होइन आनन्दविभोर पनि भए । फेरि पत्र सुनेर मन भरङ्ग भयो । पत्रको आशय थियो - 'तपाईंले मकैको ढिँडो र खोले खुवाई-खुवाई अरू पहाडी र जङ्गली जनावर झैं, बँदेल र सुँगुर झैं मलाई पनि राख्नुभयो, एउटा खोरभित्र थुनेर दानापानी हाल्नुभयो । त्यसबेला मैले दुनियाँ चिनेकै थिइनँ । अहिले सहरमा आई जुन संसार देखेको छु, जिन्दगीको अर्थ नै फेरिएको छ । कलकत्तामा बङ्गला बनाउँदै छु । स्मगलिङ गरेर प्रशस्त पैसा कमाएँ, अझै गर्दै पनि छु । एउटी पञ्जाबिनीसँग बिहा पनि गरेँ । अहिले आएर थाहा भयो, नेपालीहरूलाई यताकाहरूले 'भुच्चुक' किन भन्दा रहेछन्रु । मेरा दुइटा बच्चा छन्रु, जो कन्भेन्टमा पढ्छन्रु । एक दुई दिनका लागि समय निकालेर पहाड आउँछु अनि आमा-बाबुलाई आँखाको अप्रेसनका लागि सँगै कलकत्ता ल्याउँछु । पछि हिराका टप पनि किनिदिन्छु...।' पत्रमा दाजुका लागि पनि केही लिएर आउँछु भनेर लेखिएको थिएन । उनले पटक-पटक चिट्ठी पढे, पटक-पटक प्यारो भाइको अनुहार आँखाका पुतलीमा नाच्यो । बूढाबूढीले पनि चिट्ठी सुने । बूढाको अनुहारमा खुसीको लहर थियो, बूढीको अनुहारमा मातृत्वको उफान । दुवैले परम सन्तोषपूर्वक खुइय गरे, 'आखिर दरसे मान्छे भयो ।' अर्थात्रु श्रवणकुमार पहाडे, जङ्गली नै रह्यो । श्रवणकुमारको मुटुभित्र तीखो कर्द रोपे झैं भयो । दरसे अर्थात्रु दर्शनकुमार गाउँ आयो । सिङ्गो गाउँ नै उसलाई हेर्न उसको आँगनमा ओइरियो । उसको गलामा झुण्डिएको सुनको गहकिलो सिक्री, पाखुरामा बाँधिएको सुनको बेल्ट, हीराका औंठी, टाई, सुट र चस्मा देखेर तथा अङ्ग्रेजी-हिन्दी मिसिएको टुटेफुटेको नेपाली सुनेर गाउँ दङ्ग परेको थियो । सबैले ठहर गरे- सरबन अभागी, लाछी र मूर्ख हो । कान्छालाई यस रूपमा देखेर बूढा-बूढीको खुसीको सीमा थिएन । दरसेले आउनासाथ घोषणा गर्यो- 'भरिया झिकाउनुपर्छ । भोलि मिर्मिरिमै म आमा-बाबुलाई लिई कलकत्ता लाग्छु । ... फुर्सद छैन ।' श्रवण-२ अर्थात्रु सरबन प्रतीक्षामा थिए- भाइले एक वचन उनलाई पनि कलकत्ता हिँड्न भन्दो हो । उनले सिङ्गो जिन्दगी रामेछापको यसै चिसो माटोलाई समाती बिताएका थिए, आफ्ना देवी-देवताजस्ता आमा-बाबुका लागि । तर अब उसका देवी-द्यौताले उनलाई छोडेर जाँदै छन्रु भने कसको सेवा-स्याहारका लागि ऊ यहाँ बस्छन् ? 'कस्तो होला कलकत्ता सहर ? ... टराम, रेल, रातिलाई दिउँसोको भ्रम पार्ने झलमल्ल बिजुली, बोल्ने मानिसजस्ता सिनेमा । तर एकै वचन पनि भाइले भनेको भए पो !' बाबुआमा ठूलो सहर जाने उत्साहमा निकै उत्तेजित थिए । खै, उनीहरूले पनि सँगै लैजाने प्रस्ताव गरेनन् त ! दरसेले बूढाबूढीका सरसामान खोजीखोजी ट्याङ्कामा हाल्न थाल्यो । भाइ वा आमा-बाबुबाट एकैपटक सँगै हिँड्ने ओठे-वचनका लागि नै भए पनि सरबन तृषित थिए, तर कतैबाट यसको चर्चै भएन । बूढा-बूढीले सायद दरसेको गम्भीर मुखमुद्रा देखेर त्यसको इच्छाविरुद्ध कुनै प्रस्ताव राख्ने हिम्मत गर्न सकेनन्रु । अर्को दिन रामेछापको चिसो ढुङ्गे माटामा उभिएर श्रवण-२ आफ्ना अन्धा-अन्धी आमा-बाबुलाई र मायालाग्दो भाइलाई भरियाहरूका पछाडि डाँडा कट्न लागेको आँखाबाट ओझेल नभएसम्म हेरिरहेका थिए । उनीहरूले एकपटक पनि फर्किएरसम्म हेरेनन्रु । जब सबै जना डाँडापारि हराए, श्रवणकुमारले आफ्ना गाला छामे र अविरल गतिले बग्ने आँसुको भेललाई आनो झुत्रो ज्याकेटको छेउले पुछेर सुकाए । रही-रही भित्रबाट हुने भावनाको विस्फोटको फलस्वरूप उठ्ने हिक्कालाई दुवै ओठ कस्सिएर थिच्ने जमर्को गरे र चारैतिरबाट टोक्ने त्यस मसानजस्तो आँगनमा फर्किए जहाँ पितृभक्ति, मातृस्नेह र वात्सल्यको मूक इतिहासले उनलाई बोलाउने भाषामा केही भन्दै थियो । कति दिन, कति महिना र कति वर्ष विक्षिप्ततामा बिते उनलाई होशै भएन । दरसेको अक्षर भएको खाम एक दिन फेरि उसको हातमा पर्यो । चिठ्ठी खोलेपछि उनले दरसेका अक्षरमा नभएर उनका बाबुका बाङ्गाटिङ्गा अक्षरमा लेखिएको चिट्ठी पायो । बाबुले लेखेको त्यस पत्रको आशय थियो- 'छोरा-बुहारी र नाति-नातिनाहरूसँग आनन्दले जीवन बित्दै छ । हामी दुई जनाकै अप्रेसन भयो । कलकत्ता भनेको सहर होइन, स्वर्ग हो । डाक्टरहरू जादुगरजस्ता छन्रु । हामी अब यो सुन्दर संसार हेर्न सक्ने भयौं । ... पैसाको बलले मान्छे साँच्चै स्वर्गमा सिँढी लगाउन सक्छ । तिमीले सबै सुख दियौ, तर त्यो सुख दिन सकेनौ जुन कान्छो दरसेले दियो । दरसेको सेवाले फदय प्रसन्न छ । दरसे असली श्रवणकुमार हो । उसको मनमा पटकपटक गुन्जिन थाल्यो, 'दरसे असली श्रवणकुमार हो !' चिट्ठीको अन्त्यमा अझ प्रष्ट गरी लेखिएको थियो- 'आजको युगमा बाबुको दरिद्र छोरो श्रवणकुमार हुन सक्दैन । श्रवणकुमार बन्न, बाबु-आमाको यथेष्ट हेरचार गर्न पर्याप्त पैसा चाहिन्छ । स्मग्लिङबाट, घुसबाट, चोरीबाट जसरी भए पनि । उनले पटक-पटक पढे, तर धेरै अर्थ बुझ्न सकेनन्रु । हो, एउटा कुराचाहिँ के प्रष्ट बुझे भने तिनले यत्तिका दिनसम्म व्यर्थै पुरानो श्रवणकुमार झैं आमा-बाबुलाई काँधमा हाली तीर्थ-तीर्थ चाहार्ने कुरा सोचेका थिए । बरु जसरी भए पनि पैसा कमाउनुपर्थ्यो । अब त ट्रेन चल्छ, हवाईजहाज छ ... ! हाँसोसँगै केही आँसुका थोपा छचल्किएर रामेछापको चिसो धरतीमा झरेर बिलाए ।

*-साहित्यपोष्ट डटकम*

# रासायनिक मलको कालोबजारी गरेको आरोपमा मुद्दा



**दाङ,** भदौ ३/ दाङको घोराहीमा सरकारी अनुदानको रासायनिक मल कालोबजारी गरेको आरोपमा चार जनाविरुद्ध मुद्दा दायर गरिएको छ ।

प्रहरी अनुसन्धान प्रतिवेदनका आधारमा घोराहीका सोहनलाल चौधरी, कृष्णबहादुर चौधरी, बङ्गलाचुलीका दिवाकर खत्री र सोही स्थानका खिमबहादुर घर्तीविरुद्ध कालोबजारी तथा सामाजिक अपराध तथा सजाय ऐन, २०३२ अन्तर्गत मुद्दा दायर गरेको हो । प्रहरीका अनुसार उनीहरूलाई गत साउन २८ गते राति घोराही उपमहानगरपालिका-७ सिसहनियामा एक ट्याक्टरमा डिएपी र युरिया मल ढुवानी गरी बिक्री वितरण गरिरहेको अवस्थामा पक्राउ गरिएको थियो । ट्याक्टरसँगै ५३ बोरा डिएपी र चार बोरा युरिया मल बरामद गरिएको थियो ।

जिल्ला सरकारी वकिल कार्यालय दाङका सहायक जिल्ला न्यायाधिवक्ता श्रीधर अधिकारीका अनुसार उक्त मल कृषि सामग्री कम्पनी लिमिटेडले लक्षित किसानलाई वितरण गर्ने प्रयोजनका लागि सहकारीको नाममा खरिद गरिएको थियो । किसानलाई वितरण नगरी महँगो मूल्यमा बिक्री गर्न खोजेको प्रहरी अनुसन्धानबाट खुलेको छ । अनुसन्धानका क्रममा उनीहरूले बङ्गलाचुली गाउँपालिका-५ स्थित सहकारीका लागि गत साउन २८ गते १३० बोरा डिएपी र १८० बोरा युरिया मल खरिद गरेको देखिएको छ । सरकारी अनुदानमा प्राप्त मल तोकिएको मूल्यभन्दा बढीमा बिक्री गरी किसानलाई ठगी गरेको प्रमाण फेला परेपछि कानुनी कारबाही अघि बढाइएको सहायक जिल्ला न्यायाधिवक्ता अधिकारीले बताए । मुद्दा दायर गरिएकालाई ऐनबमोजिम कैद तथा जरिवानाको सजाय माग गरिएको छ । बरामद मल जफत गरी सम्बन्धित सहकारी वा कृषि सामग्री कम्पनीमार्फत किसानलाई उचित मूल्यमा बिक्री वितरण गर्ने व्यवस्था मिलाउन समेत माग गरिएको छ । *-रासस*

## पाल्पामा भन्सार छलीका...

...चेकजाँचका क्रममा प्रहरीले कुर्था १०९ थान र साडी ५१ थान बरामद गरेको छ । बरामद गरिएका सामानको अनुमानित मूल्य रु. ८५ हजार ४ सय ५० बराबर रहेको जिल्ला प्रहरी कार्यालय डीएसपी भट्टराईले बताए । प्रहरीले बरामद गरेको सामानलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी भैरहवा भन्सार कार्यालय, बेलहिया रुपन्देही पठाइएको जनाएको छ । भन्सार छली तथा राजस्व चुहावट नियन्त्रणका लागि प्रहरीले जिल्लाका विभिन्न स्थानमा नियमित रूपमा सवारीसाधन तथा सामानको चेकजाँच गर्दै आएको जनाएको छ । सिद्धार्थ राजमार्ग पाल्पा हुँदै रुपन्देही, गुल्मी, अर्घाखाँची, बागलुङलगायतका जिल्लातर्फ जाने प्रमुख मार्ग भएकाले यस क्षेत्रमा प्रहरीले अवैध रूपमा ओसारपसार हुने सामानमाथि निगरानी बढाउँदै आएको छ ।

विशेषगरी बिलबिजक तथा आवश्यक कागजातबिना सामान ओसारपसार गर्ने सवारीसाधनमाथि प्रहरीले चेकजाँचलाई कडाइ गर्दै आएको जनाएको छ । प्रहरीले भन्सार छली, चोरी तथा अवैध ओसारपसारबाट हुने राजस्व चुहावट नियन्त्रणका लागि आगामी दिनमा पनि चेकजाँच तथा निगरानीलाई निरन्तरता दिने जनाएको छ । बरामद भएको सामानको थप प्रक्रिया सम्बन्धित भन्सार कार्यालयमार्फत अघि बढाइने प्रहरीले जनाएको छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक वीरकोट गा.वि.स.-८, हाल पूर्वखोला गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 9417809 L का NK धन बहादुर राई (ना.प्र.मा धन बहादुर सिंजाली) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा नरिन राई र जन्म मिति सन् १९६८ जुन २० (वि.स.२०२५/०३/०७) र नेपाली नागरिकता प्रमाणपत्रमा भिमि सरा सिंजाली, जन्म मिति वि.स. २०२९/०२/०१ (सन् १९७२ मे १४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## खेलकुद समाचार

### भारतले श्रीलङ्कालाई १६५ रनले हरायो



**काठमाडौं,** भदौ ३/भारतले पहिलो टेस्ट क्रिकेटमा घरेलु टोली श्रीलङ्कालाई १६५ रनले हराएको छ । योसँगै २ खेलको शङ्खलामा भारतले १-० को अग्रता लिएको छ । गालेमा भारतले दिएको ३७२ रनको लक्ष्य पछ्याएको श्रीलङ्का पाँचौं दिनको खाना समयपछि २०६ रन बनाउँदा अलआउट भयो । श्रीलङ्काका सोनल दिनुशाले ८४, कप्तान धनञ्जय डी सिल्भाले ५९ रन बनाए । भारतका मानव सुथारले ६ विकेट लिए । भारतले दोस्रो पारीमा १९३ रन बनाएको थियो । भारतका ऋषभ मन्तले ६६ रन बनाए । श्रीलङ्काका असिथा फर्नान्डोले ४ विकेट लिए । यस्तै भारतले पहिलो पारीमा ४६२ रन बनाएको थियो । भारतका देवदत्त पडिक्कलले १६७, केएल राहुलले ८२, धूव जुरेलले ५१ रन बनाए । श्रीलङ्काका प्रभात जयसूर्याले ४ विकेट लिए । श्रीलङ्काले पहिलो पारीमा २८४ रन बनाएको थियो । श्रीलङ्काका सोनल दिनुशाले १००, निरोशन डिकवेलाले ८० रन बनाए । भारतका मानव सुथारले ४ विकेट लिए । भारत र श्रीलङ्काबीचको दोस्रो टेस्ट आउँदो आइतवारदेखि कोलम्बोमा शुरू हुनेछ ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेसँगै कारोबार रकम घट्यो



**पाल्पा,** भदौ ३/शेयर बजार लगातार चौथो कारोबार दिन घटेको छ । शेयर बजार परिसूचक नेप्से बुधबार ०.२६ अङ्कले घटेर २ हजार ६२२.२२ विन्दुमा झरेको हो ।

यस्तै बैंक, जलविद्युत्, निर्जीवन बीमा, अन्य र व्यापार बाहेक सबै समूहको उपसूचक सामान्य घटेको छ । १४९ वटा कम्पनीको शेयर घटेकोमा १११ वटाको बढेको छ । यस्तै १८ वटा कम्पनीको शेयर भने घटबढ भएको छैन । यस अवधिमा मनकामना इनर्जी हाइड्रोपावरको शेयर झन्डै साढे ८ प्रतिशतले घटेको छ । नेप्से झिनो अङ्कले घटेको दिन माउन्ट इनर्जी पावर र सर्वोत्तम पेन्ट्सको शेयर १५ प्रतिशतले बढेको छ । यस्तै बुधबार नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । मंगलबार ५ अर्ब ७ करोडको कारोबार भएकोमा आज ३४६ वटा कम्पनीका ९५ लाख ८ हजार कित्ता शेयर ३ अर्ब २९ करोड रुपैयाँमा किनबेच भएको छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.-१, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 623732 A का Sub & H/Capt प्रेम बहादुर थापा (ना.प्र.मा प्रेम बहादुर गाहा थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रुक मुनी देवी मगर्नी र जन्म मिति सन् १९६५ सेप्टेम्वर २७ (वि.स.२०२२/०६/११) र नेपाली नागरिकता प्रमाणपत्रमा रुकमुनी देवी मगर्नी गाहा थापा, जन्म मिति वि.स. २०२३/१०/१६ (सन् १९६७ जनवरी २९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चापपानी गा.वि.स.-४, हाल बगनासकाली गाउँपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. 5343502 K का HAV थान बहादुर थापा (ना.प्र.मा थान बहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा देवीसरा थापा र जन्म मिति सन् १९६१ सेप्टेम्वर ०७ (वि.स.२०१८/०५/२२) र नेपाली नागरिकता प्रमाणपत्रमा देविसरा सारु, जन्म मिति वि.स. २०१४/११/१० (सन् १९५८ फेब्रअरी २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चापपानी गा.वि.स.-४, हाल बगनासकाली गाउँपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. 5748038 H का NK मेघा बहादुर थापा (ना.प्र.मा धन बहादुर सिंजाली) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा घ्यान कुमारी र जन्म मिति सन् १९६३ डिसेम्वर २८ (वि.स.२०२०/०९/१३) र नेपाली नागरिकता प्रमाणपत्रमा ज्ञान कुमारी सिंजाली,जन्म मिति वि.स. २०२१/०८/१६ (सन् १९६४ डिसेम्वर ०१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई